# बेलकोटगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बाघखोर, नुवाकोट
३ नं.प्रदेश नेपाल

बेलकोटगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय नुवाकोट स्था:२०७३

## विज्ञप्ति

मिति : २०७६।११।०२

मिति २०७६/१०/२७ गते यस नगरपालिका कार्यालयद्वारा दिइएको सार्वजनिक विदा र प्रमुख – उपप्रमुखको भारत भ्रमण सम्बन्धमा थप स्पष्ट पार्नु पर्ने देखिएकोले यो बिज्ञप्ति सार्वजनिक गर्दछु।

नगरपालिका स्थापना हुनु र यसको कार्यान्वयन हुनु नगरबासीको निम्ति एक गौरबको बिषय हो। नगरपालिका स्थापना भएको ऐतिहाँसिकतालाई संस्थागत गर्नको निम्ति नगर स्थापना दिवस मनाउने विषयमा हामी सम्पूर्ण नगरबासी र जनप्रतिनिधि सहमत नहुने कुरा नै भएन। यसै सन्दर्भमा यस नगरपालिकाले मिति २०७६/१०/२७ गते नगर स्थापना दिवस मनाउने गरी विभिन्न कार्यक्रम सहित सार्वजनिक विदा दिइएको जानकारी गराउँछु। नगरपालिका स्थापना प्रक्रियामा विभिन्न मितिहरु, सिमा निर्धारण आयोगको प्रतिवेदन, मन्त्रिपरिषदको निर्णय, केन्द्र र नामको निर्णय, राजपत्रमा प्रकाशन जस्ता मितिहरु महत्वपूर्ण रहेकोमा नगरपालिकाबाट मिति २०७६/१०/२७ गते स्थापना दिवस मनाउने निर्णय भएको हो।

स्थापना दिवस निर्धारण गर्ने सम्बन्धमा बृहद छलफल र मन्थनद्वारा हुनुपर्ने भन्ने जनता र केहि जनप्रतिनिधिको चासो प्रति हामी सचेत छौ। केहि प्रक्रियागत त्रुटी भएको देखिएमा हरबखत सच्चाएर अघि बढ्न समेत प्रतिबद्ध छु।

जहाँसम्म भारत भ्रमणको कुरा छ, उक्त भारत भ्रमण UNOPS भन्ने संस्था जसले नुवाकोट जिल्लामा महाभूकम्प पछिको पुनर्निर्माणमा सहयोग गरिरहेको छ; यसले जिल्लाका १० वटा पालिकाका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्षका निम्ति उक्त भ्रमण कर्यक्रम आयोजना गरेको हो। अनुभव आदान-प्रदान र सिकाई नगरबासी र नगरपालिकाको हितमा हुने ठानी सो भ्रमण कार्यक्रमलाई हामीले स्वीकारेका हौ।

विशेष समय र सन्दर्भमा प्रमुख र उपप्रमुखको अनुपस्थितिलाई लिएर व्यक्त चासो प्रति हामी पूर्ण रुपमा सचेत छौ। यसले हामीलाई थप जवाफदेही बन्न प्रेरित गर्नेछ। पत्रकारिताको आडमा गरिएको अतिरन्जना र दुराशययुक्त समाचारहरु बारे हामी सूचित छौ। तर त्यस्ता समाचारहरुले जनमानसमा पारेको भ्रम निवारण हुनुपर्दछ भन्ने हाम्रो चासो हो। लामो संघर्ष र बलिदानबाट प्राप्त स्थानीय सरकारको व्यवस्था र जनप्रतिनिधि प्रति गरिएको नकारात्मक टिप्पणी र भ्रमपूर्ण समाचारको खण्डन गर्दै यस्ता गतिविधिको घोर भत्सर्ना गर्दछौ। जनाप्रतिनिधि र स्थानीय सकारको व्यवस्थालाई विगतका सामन्ती व्यवस्थाको गतिविधि संग तुलना गरी आएका समाचारले जनतामा भ्रम र व्यवस्थाप्रतिको वितृष्णा सृजना गर्ने मनसाय मात्र राख्दछ भनेर हामीले ठानेका छौ।

अन्त्यमा, जनताको जायज चासो र सचेतनालाई हामी सदा स्वीकार्दछौ। कहिँ कतै त्रुटी भए आत्मालोचना सहित सच्याउन संधै तयार छौ। जनताको सुबिधा, चाहना र आवश्यकता सम्बोधनका लागि नगरपालिका जवाफदेही र प्रतिबद्ध छ। सम्पूर्ण सचेत वर्ग र संचारकर्मीले वदनियतपूर्ण कुप्रचार भन्दा पनि सुसूचित गराउने र स्थानीय व्यवस्थालाई बलियो बनाउने कुरामा हातेमालो गर्नु हुनेछ भन्ने आशा राखेका छौ।

..............................
(कविता दंगाना)
नगर उप-प्रमुख

कविता दङ्गाना
उप-प्रमुख